धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७१ ◆ २०८३ असोज ११ आइतबार ◆ Sunday, September 27, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुर्याउने मुख्यमन्त्री थापाको प्रतिबद्धता

❑ *प्रत्यूष समाचारदाता*

ललितपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापाले स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच पुर्याउन प्रदेश सरकारले प्रमुख प्राथमिकताका साथ काम गर्ने बताउनुभएको छ ।

विश्व मुटु दिवसका अवसरमा शनिबार ललितपुरमा आयोजित एक कार्यक्रममा उहाँले नागरिक स्वस्थ नभएसम्म देशको विकास सम्भव नहुने बताउँदै स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिएर आफूले काम गरिरहेको समेत बताउनुभयो । उहाँले बागमती प्रदेशका १३ वटा प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा विस्तारका साथै एकीकृत स्वास्थ्य सेवा र पोषण प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । पूर्वस्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठले स्वास्थ्य र शिक्षा क्षेत्रमा पर्याप्त लगानी गरी विपन्न वर्गलाई निःशुल्क सेवा उपलब्ध गराउनुपर्ने बताउनुभयो । वरिष्ठ मुटुरोग विशेषज्ञ डा भगवान् कोइरालाले रोग लागेपछि उपचार गर्नेभन्दा रोगको रोकथाम र सचेतनामा ध्यान दिनुपर्ने बताउनुभयो ।

## भोटेकोशी बाढीको : खोज, उद्धार तथा राहत वितरण जारी

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । रसुवाको भोटेकोशी नदीमा अकस्मात बाढी गएको एक महिना भएको छ । गत भदौ १० गते विहान गएको सो अकल्पनीय बाढीको महाविपदबाट रसुवा, नुवाकोट, धादिङ सहितको जिल्लाका विभिन्न स्थानहरूमा अकल्पनीय मानवीय र भौतिक संरचनामा क्षति पुऱ्याएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरकण तथा व्यवस्थापन प्राधिकरणको पछिल्लो विवरण अनुसार बाढीबाट हालसम्म एकहजार ४५३ जनाको अकालमा मृत्यु भएको छ भने पाँच हजार ५५० जना अझै बेपत्ता छन् । यसैगरी १३ हजार ७९५ जनाको उद्धार गरिएको छ। उद्धार गरिएका प्रभावित आश्रयस्थलमा पनि छन्। बाढी प्रभावितको खोज, उद्धार तथा राहत सहित अन्य सेवाका लागि तीनवटै सुरक्षा निकायका २० हजार ४७७ सुरक्षाकर्मी अहोरात्र तल्लीन छन्। बाढीबाट ४ खर्ब ८ अर्ब २८ करोडभन्दा बढीको क्षति तथा नोक्सानी भएको आकलन गरिएको छ। उक्त विपद्को द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदन अनुसार पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यक पर्नेछ । विनाशकारी बाढीबाट ७ हजार ५७० निजी घरहरू क्षतिग्रस्त भएका छन् । यसबाहेक ४८ सार्वजनिक भवन, १८ विद्यालय, ७ स्वास्थ्य संस्था र ३० सांस्कृतिक सम्पदामा क्षति पुगेको छ । सात सय ५९ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना र २४ मेगावाटका पाँचवटा सोलार प्लान्ट प्रभावित भएका छन् भने ६९ किलोमिटर सडकखण्ड क्षतिग्रस्त, ३७ वटा मोटरेबल पुलमा क्षति पुगेकोमा ३३ बगेका छन्। यस्तै, ६८ वटा झोलुंगे पुलमा क्षति पुगेको छ। करिव सात हजार ५७० घरहरु प्रभावित हुँदा आठ हजार ३०० घरपरिवार र करिव ४० हजार जनसङ्ख्या प्रभावित भएका छन् । बाढीका कारण उत्पादन क्षेत्र अन्तर्गत एक हजार ८०६ हेक्टर कृषि बालीका साथै पशुपालन, पंक्षीपालन तथा माछापालन पनि प्रभावित भएको छ। त्यसैगरी, १७ बैंक शाखा र चार हजार ८०० व्यापारिक प्रतिष्ठान प्रभावित भएका छन्। बाढी प्रभावितको खोज, उद्धार तथा राहत वितरण जारी छ भने क्षतिग्रस्त झोलुङ्गे पुल पुनर्निर्माण, सडक सञ्जालको पहुँचले जोड्ने लगायतका कार्य द्रुत जारी छ।

'संकटमा 'राज्य र रेडक्रस उपस्थित छन्'

विनाशकारी बाढीगए लगत्तै रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटी को अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी)को महासचिव तथा प्रमुख कार्यकारी अधिकृत जगन चापागाईंले आवश्यक समन्वय एवं पहल गरी आपत्कालीन सहयोग कोष (ड्रिफ) मार्फत् ( १२ लाख अमेरिकी डलर ) खर्च गर्न स्वीकृति सुनिश्चित गर्दै बाढी प्रभावितको तत्काल खोज, उद्धार तथा राहतमा जुट्न नेपाल रेडक्रसको स्वयंसेवक र 'आइएफआरसी'का 'टिम'लाई आह्वान गर्नुभएको थियो ।

साथै नेपाल रेडक्रस सोसाइटी का अध्यक्ष डा विशाल कुमार भण्डारीका नेतृत्वमा एक टोलीले तत्काल प्रभावित क्षेत्रको स्थलगत भ्रमण गरी बाढी प्रतिकार्य सञ्चालनलाई अगाडि बढाएको थियो ।

स्वयंसेवकहरूले खोज तथा उद्धारमा सहयोग गर्नुका साथै प्रभावित समुदायको तत्कालीन आवश्यकता पहिचान र समन्वयमा सहयोग पुऱ्याइरहेका छन्। यसबाट खानेपानी, टेन्ट, तारपोलिन, कम्बल, ओछ्याउने म्याट, प्राथमिक उपचार, स्ट्रेचर, शव व्यवस्थापनका लागि सामग्री (डेथ बडी-ब्याग), मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सहयोग, आपतकालीन स्वास्थ्य सेवा, सरसफाइ 'किट' जस्ता सामग्री तथा सेवा छिटो भन्दा छिटो प्रभावित स्थानमा पठाउन र वितरण गर्न सम्भव भएको जनाइएको छ ।

## विदेशमा रहेका नेपालीका मताधिकारबारे परामर्शमा आयोग

काठमाडौँ । निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानमा सहभागी गराउने विषयमा विभिन्न आयामबाट छलफल चलाइरहेको छ ।

विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार (आउट अफ कन्ट्री भोटिङ) दिने सवालमा प्रमुख आयुक्त मानबहादुर कार्की सहितका पदाधिकारीले सरोकार वाला एवं जानकारहरूसँग विमर्श चलाउनुभएको हो । आयोगले सम्बन्धित मुलुकमा रहेका नेपाली नागरिकको सङ्ख्या, मतदाता नामावली सङ्कलनको सम्भावित प्रक्रिया, मतदानको सम्भावित विधि तथा निर्वाचन सञ्चालनमा कूटनीतिक नियोगको भूमिकाबारे विचारविमर्श गरिरहेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो । विदेशमा रहेका नेपालीको यकीन विवरण सङ्कलन, उनीहरूलाई मतदाता नामावलीमा समेट्ने प्रक्रिया, मतदान केन्द्रको सम्भावित व्यवस्था तथा मतदान पछि मतपत्र व्यवस्थापन लगायत प्राविधिक र प्रशासनिक पक्षमा समेत आयोगले छलफल चलाएको छ ।

यसै सन्दर्भमा आयोगले परराष्ट्र मन्त्रालयको सहजीकरणमा हालै विभिन्न मुलुकस्थित नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुखसँग छलफल गरेको थियो । आयोगको आफ्नै अध्ययन सामग्रीमा पनि विभिन्न मुलुकले विदेशस्थित दूतावास तथा कन्सुलेट मा मतदान केन्द्र स्थापना गर्ने, हुलाकमार्फत मतदान गराउने, प्रतिनिधिमार्फत मतदान गर्ने तथा विद्युतीय वा मिश्रित विधि अपनाउने विकल्प र सोका लागि आवश्यक कानुनी र नीतिगत परिवर्तनको अध्ययन पनि गरिरहेको छ ।

## भाद्र शुक्ल पूर्णिमाः इन्द्रदहमा बिहानैदेखि भक्तजनको घुइँचो

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ। भाद्र शुक्ल पूर्णिमाका दिन शनिबार (हिजो) बिहानैदेखि राजधानीको पश्चिमोत्तर भेगस्थित चन्द्रागिरी नगरपालिका-१ मा रहेको इन्द्रदह मा स्नान एवं पूजाआराधना गर्ने भक्तजनको घुइँचो लागेको छ ।

भाद्र शुक्ल चतुर्दशीका दिन वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजाआराधना गरी परम्परागत रूपमा इन्द्रजात्रा पर्व मनाएका भक्तजन राति इन्द्रदहमा जाग्राम बस्न जाने परम्परा छ । यो परम्परा अनुसार शुक्रबार राति नै भक्तजन इन्द्रदह पुगी दिवङ्गत आफन्तका नाममा बत्ती बालेर जाग्राम बसेका थिए । शुक्रबार राति दिवङ्गत आफन्तको आत्माको शान्तिको कामना गर्दै इन्द्रदह परिसरमा रहेको इन्द्रको मन्दिर क्षेत्रमा बत्ती बालेका भक्तजनले बिहानै इन्द्रदहमा स्नान गरी गणेश, इन्द्रलगायत देवी देवताको पूजा आराधना गरेको चन्द्रागिरी नगरपालिका वडा नं.१ को कार्यालय का सूचना अधिकारी रचना अर्यालले राससलाई जानकारी दिनुभयो। नगरपालिका-१ मा पर्ने यो धार्मिकस्थलमा प्रत्येक वर्ष भाद्र शुक्ल पूर्णिमाका दिन लाखौँ भक्तजन स्नान एवं पूजा आराधना का लागि पुग्ने गरेका छन् । कति भक्तजन भने भाद्र शुक्ल चतुर्दशी का दिन बेलुकी इन्द्रदहमा गई जाग्राम बसेर बत्ती



बाल्न पुग्छन्। मेलाका अवसरमा नगरपालिकाको वडा नं १, २ र ३ का विद्यालय लगायत कार्यालयमा स्थानीय पर्व बिदा दिने गरिएकामा यस वर्ष शनिबारको सार्वजनिक बिदाकै दिनमा पर्व परेकाले बिदा दिनु नपरेको पनि उहाँले सुनाउनु भयो । दिवङ्गतहरु स्वर्ग पुग्ने भएकाले त्यहाँका राजा इन्द्रको विशेष पूजा आराधना गरिने यो अवसरमा इन्द्रदहमा बत्ती बाल्ने, स्नान गरी पूजा आराधना गरे शान्ति मिल्ने धार्मिक विश्वास भक्तजनमा रहिआएको छ ।

## उनन्चालिस वर्षीय वीरेन्द्रभक्त श्रेष्ठले पाँचौँ पटक जिब्रो छेडेर जात्रा मनाउँदै

भक्तपुर। मध्यपुरथिमिको दुईपोखरी नजिक दिगु भैरब अर्थात् प्रचण्ड भैरव मन्दिरको डबलीमा शनिबार स्टेज बनाइएको छ । शनिबार बिहानैदेखि भैरव मन्दिरमा पूजा गरी स्थानीय विभिन्न परिकारसहितको प्रसाद वितरण कार्य जारी छ ।

भाद्र शुक्ल पूर्णिमा अर्थात येंया पुन्हियाको दिन शनिबार साँझ मध्यपुरथिमि नगरपालिका-४ बालकुमारी निवासी ३९ वर्षीय वीरेन्द्रभक्त गजू श्रेष्ठले हजारौँ व्यक्तिको अगाडि मेय् प्वाः खनेगु जात्रा अर्थात् जिब्रो छेड्ने जात्रामा श्रेष्ठले शनिबार साँझ ७:०० बजे जिब्रो छेड्ने भएपछि जात्राको तयारी पूरा गरेको हो ।

शनिबार जिब्रो छेडेर उहाँले दिगुटोल दबलीबाट सुरु हुने महाद्वीप बोकेर यात्रा बालकुमारी, दक्षिण बाराही, चारदोबाटो, सिद्धिकाली मन्दिर, नासननी, चपाचो, गार्चा, नगदेश, सिद्धिगणेश मन्दिर, भीमसेन चोक, नगरपालिका चोक, पाटी बिहार, पोबु, भुलाखेल, चोडे, दुईपोखरी, शिवाटोल, दथुटोल, बालकुमारी, तछुटोल, विष्णुवीर हुँदै बालकुमारी मन्दिर परिसरमा पुगेर जात्रा समापन हुनेछ ।

बीचबीचमा चल्दै रोकिँदै आएको यो जात्रा २०६३ सालदेखि निरन्तर रोकिँदै ११ वर्षको अन्तरालपछि २०७४ मा वीरेद्रभक्तकै अगुवाइमा पुनःसुरु भएको थियो ।

## पृथ्वी राजमार्गको धादिङ खण्डमा आठ स्थानमा पहिरो

❑ *बद्री अधिकारी*

धादिङबेशी । निरन्तर वर्षासँगै पहिरो खस्दा तथा सडक भासिँदा पृथ्वी राजमार्गको धादिङ खण्डका चार स्थानमा दुवैतर्फ सडक अवरुद्ध भएको छ । अन्य चार स्थानमा सडकको एकतर्फी भाग अवरुद्ध भएको छ ।

धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ कृष्णभिर, वडा नं ९ ज्यामिरेघाट, वडा नं १० तिङग्राङखानी र गजुरी गाउँपालिका-५ बाङ्गेमोडमा दुवैतर्फ सडक बन्द छ । कृष्णभिरमा माथिबाट ढुङ्गासहितको पहिरो खस्नुका साथै सडक भासिएको छ। ज्यामिरेघाट, तिङग्राङखानी र बाङ्गेमोडमा ढुङ्गासहितको पहिरोले सडक अवरुद्ध भएको हो ।

यस्तै, बेनीघाट रोराङ गाउँपालिका-१० ज्वाङखोला, वडा नं ३ शीतलबजार तथा गजुरी गाउँपालिका-२ का परेवाभिर र चालिसेमा सडकको एकतर्फी भाग अवरुद्ध छ। ज्वाङखोलामा सडक चिरा परेको छ भने बाँकी तीन स्थानमा माथिबाट ढुङ्गासहितको पहिरो खसेको छ ।

ज्यामिरेघाट, तिङग्राङ खानी र चालिसेमा अवरोध हटाउने काम भइरहेको छ । बेनीघाट रोराङको कृष्णभीरमा माथिबाट पहिरो र लेदो खस्नेक्रम रोकिएको छैन। नदीतर्फको ग्याबिनसमेत केही तल झरेपछि थपजोखिमका कारण दुवैतर्फको आवागमन रोकिएको हो। पानी पर्न रोकिएसँगै यातायात सञ्चालन गराउने गरी कामभइरहेको र तत्काल सडक खुल्ने अवस्था नभएपछि बीचबाटोमा रोकिएका सवारीलाई गन्तव्यतर्फ फर्काइएको प्रहरीको भनाई छ ।

धादिङ तर्फ मात्र होइन चितवनतर्फ पर्ने पृथ्वी राजमार्मा पनि ठाउँ ठाउँमा सडक विग्रिएको छ । पृथ्वी राजमार्गको अवरोध हटाउन सडक विभाग, प्रहरी तथा स्थानीयतहका टोली परिचालित छन्।

*सम्पादकीय ....*

## सन्दर्भ : प्रधानमन्त्रीको सम्बोधनको

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभामा नेपालले नगण्य मात्रामा कार्बन उत्सर्जन गरे तापनि जलवायु परिवर्तनको सबैभन्दा नराम्रो परिणाम नेपालले नै भोग्नुपर्ने अवस्था विडम्बनापूर्ण रहेको बताउनुभएको छ । यसकारण नेपालले जलवायु न्याय पाउनुपर्ने दाबी पेस गर्दै जलवायु न्याय केवल राष्ट्रसङ्घको दस्ताबेजमा सजाएर राख्ने सुन्दर शब्दावली मात्र बन्न नहुने तर्क प्रधानमन्त्रीले गर्नुभो ।

"जलवायु न्याय संयुक्त राष्ट्रसङ्घको दस्ताबेजमा मात्र सीमित एउटा सुन्दर वाक्यांश बन्नुहुँदैन । हाम्रा नागरिकले निरन्तर आफ्नो विगतको पुनर्निर्माण गरिरहनुको सट्टा अब आफ्नो भविष्य निर्माण गर्न पाउनुपर्छ । त्यसैले हामीले न्याय पाउनुपर्छ ।"

प्रधानमन्त्री शाहले नेपाल जलवायु परिवर्तनसम्बन्धी सबै पक्षले आ-आफ्ना दायित्व पूरा गरून् भन्ने पक्षमा रहेको पनि बताउनुभयो । उहाँले जलवायुजन्य विपद्लाई भूराजनीतिक आरोप-प्रत्यारोपको विषय बनाउन नहुनेमा समेत जोड दिनुभयो । नेपालमा पछिल्ला विपद्का कारण भएको क्षतिको जानकारी दिँदै उहाँले हिमालय क्षेत्रलाई तनावको क्षेत्र नभई जलवायुजन्य जोखिमबाट हुने क्षति न्यूनीकरणका लागि साझा प्रयोगशाला बनाउनुपर्नेमा जोड दिनुभयो ।

जलवायु सङ्कटबाट प्रभावित गरिब मुलुकलाई केवल ऋृण वा साना अनुदानको टुक्रे व्यवस्थाले पुग्न नसक्ने भन्दै विश्वबाट पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक रहेको र यसका लागि हाल विश्वमा विद्यमान रहेका वित्तीय संयन्त्रहरु पर्याप्त नभएको तर्क पनि गर्नुभयो ।

प्रधानमन्त्रीले भन्नुभएजस्तै जलवायु परिवर्तनले सीमा चिन्दैन, हिमनदी र बाढीले पासपोर्टमा भिसा लगाएर यात्रा गर्दैनन् । यसको पछिल्लो उदाहरण भोटेकोशी बाढीलाई लिँदा गल्ती हुँदैन ।

हाम्रा छिमेकीको यो प्रतिशत विश्वकै गणनाको भएकाले यो हेरेपछि एउटा सामान्य र सीधा हिसाब के निकाल्न सकिन्छ भने हाम्रा छिमेकी पनि नेपालको असरबाट धेरै टाढा छैनन्, बरु जोखिममै जोडिएका छन् ।

प्राकृतिक विपत्ति सिमाना छुट्याएर आउँदैन र विनाशका लागि यसले भूगोल छान्दैन भन्ने उदाहरण यसअघि खुलाइएको छ भोटेकोशी बाढीको । यसको उदाहरण प्रधानमन्त्री शाहले नै प्रस्तुत पनि गर्नुभयो । किनभने त्यो महाविनाशले पहिला चीनतर्फको भूगोलमा क्षति पौँचाएरै नेपाल प्रवेश गरेको छ । नेपाल गहिरो भूगोलको बनोटमा परेकाले हामीकहाँ महाविनाश गर्‍यो, बाढी ओरालो बगेकाले क्षति हामीलाई बढी भयो ।

विपत्ति सबैका लागि बराबर हो, सान्त्वना र सहानूभुति पनि यो या उ भूगोलका लागि नभएर मानवताकै लागि हो । यहाँनेर यो आलेखको आसय यो हो कि जलवायु परिवर्तनको असर सबैको साझा समस्या हो, त्यसैले यसको निराकरण या रोकथामको प्रयास पनि सबैको साझा कर्ममै हुनु जरुरी छ । जसरी अघि भनिएजस्तै विपत्तिले भूगोल छान्दैन र कुनै पनि देशको नागरिकता चिन्दैन, त्यसैगरी यसको प्रकार प्रकृतिको पहिचान र निराकरणमा पनि सबैको साझा पहलले नै धेरै रोकथामको काम गर्नेछ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# भोटेकोशीदेखि संयुक्त राष्ट्रसंघसम्म : प्रधानमन्त्री शाहले खोजेको हिमालय कूटनीतिक

रमेश कुमार बोहोरा

यतिबेला अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्य कार्यालयमा जारी ८१औँ महासभाको चर्चा छ । विश्वका १९३ सदस्य मुलुकका राष्ट्र तथा सरकार प्रमुख र प्रतिनिधिको सहभागिता रहेको यो विश्व सम्मेलनमा कतिपय मुलुकका आआफ्ना स्वार्थ, अहंकार प्रदर्शन भए पनि कतिपय मुलुकले विश्व व्यवस्थाको कुरा गरे ।

यसरी विश्व व्यवस्थाको कुरा साझा गर्ने सरकार प्रमुखमा पर्नुभयो प्रधानमन्त्री बालेन्द्र शाह । भोटेकोशी बाढीको पीडा र त्रास बोकेर न्यूयोर्क पुग्नुभएका उहाँले नेपालको आवाज उठाउँदा त्यसको केन्द्रमा केवल नेपालको पीडा मात्र थिएन, हिमालयको भविष्य र त्यससँग जोडिएको सिंगो मानव सभ्यतामाथि मडारिएको संकट पनि एकसाथ व्यक्त भएको थियो ।

सम्बोधनको अधिकांश समय जलवायु परिवर्तन र विश्व व्यवस्थामा देखापरेका स्वार्थपनका बारेमा चर्चा गर्नुभएका प्रधानमन्त्री शाहले भोटेकोशी-त्रिशूली क्षेत्रमा भएको विनाशकारी बाढीलाई नेपालको स्थानीय विपद्का रूपमा मात्र प्रस्तुत नगरी जलवायु संकटको विश्वव्यापी चेतावनीका रूपमा अघि सार्दै जलवायु न्याय, जलवायु वित्त, खाद्य सुरक्षा, मानव सुरक्षा, अन्तर्राष्ट्रिय सहकार्य र बदलिँदो विश्व व्यवस्थामाथि गम्भीर प्रश्न उठाउनुभयो ।

सम्बोधनको सबैभन्दा अर्थपूर्ण पक्ष नेपाल-भारत-चीनबीच 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्म' निर्माण गर्ने प्रस्ताव हो । यो प्रस्ताव कार्यान्वयनमा जान सके हिमालयलाई राजनीतिक सीमाले छुट्याएको संवेदनशील भूभागका रूपमा मात्र होइन, साझा वैज्ञानिक सूचना, पूर्वसूचना, विपद् व्यवस्थापन र जलवायु सहकार्यको क्षेत्रका रूपमा विकास गर्ने आधार बन्न सक्छ ।

तर, प्रस्ताव राख्नु र त्यसलाई संस्थागत संयन्त्रमा रूपान्तरण गर्नु फरक विषय हुन् । अब नेपालको कूटनीतिक क्षमता, भारत र चीनको इच्छाशक्ति तथा अन्तर्राष्ट्रिय समुदायको सहयोगले यो प्रस्तावको वास्तविक भविष्य निर्धारण गर्नेछ ।

प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघमा बोल्दै आफू नेपालबाट एउटा 'नजिकको चेतावनी' बोकेर आएको बताउनुभयो । केही साताअघि हिमाली क्षेत्रमा आएको विनाशकारी बाढीले जनधन, सडक, पुल, घर, विद्यालय, कृषि तथा जीविकोपार्जनमा पुऱ्याएको क्षतिलाई उहाँले जलवायु संकटको परिणामसँग जोड्नुभयो ।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम रहेको उल्लेख गर्दै जलवायु संकट सिर्जना गर्न नेपालको भूमिका न्यून भए पनि त्यसको असर नेपालले असमान रूपमा भोगिरहेको तर्क उहाँले राख्नुभयो । यहीँबाट नेपालको जलवायु कूटनीतिको मूल प्रश्न उठ्छ, नेपालले आफ्नो पीडा सुनाएर मात्र अन्तर्राष्ट्रिय सहयोग खोज्ने कि आफ्नो भौगोलिक अवस्थालाई विश्वव्यापी नीतिगत बहसमा प्रभावकारी रूपमा प्रयोग गर्ने रु शाहको सम्बोधनले दोस्रो बाटो रोज्ने संकेत गरेको देखिन्छ ।

जलवायु परिवर्तन लाई केवल वातावरणीय विषयमा सीमित नराखी विकास, अर्थतन्त्र, पूर्वाधार, मानव सुरक्षा र अन्तर्राष्ट्रिय न्यायसँग जोड्नुभएको छ। हिमाली क्षेत्रमा हुने एउटा ठूलो विपद्ले वर्षौंको विकास उपलब्धि केही घण्टामै नष्ट गर्न सक्ने भएकाले जलवायु संकट नेपालका लागि विकास संकटसमेत भएको उहाँको तर्क थियो ।

र, 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्म' प्रस्तावले विशेष अर्थ राख्छ । हिन्दुकुश हिमालय क्षेत्र करिब दुई अर्ब मानिसको पानी, कृषि, पारिस्थितिक प्रणाली र जीविकोपार्जनसँग जोडिएको क्षेत्र भएको उल्लेख गर्दै प्रधानमन्त्री शाहले नेपाल, भारत र चीनको नेतृत्वमा यस्तो संयन्त्र निर्माण गर्न प्रस्ताव गर्नुभयो ।

यसको सम्भावित कार्यक्षेत्रमा स्याटेलाइट तथ्यांक र वैज्ञानिक विशेषज्ञताको आदानप्रदान, जोखिमयुक्त हिमतालको अनुगमन, साझा पूर्वसूचना प्रणाली तथा विपद्का बेला सीमापार सहयोगको समन्वय पर्न सक्छ ।

यस प्रस्तावको सबैभन्दा ठूलो शक्ति यसको साझा हितमा छ । नेपालका हिमताल वा हिमनदीमा आएको परिवर्तन नेपालमै सीमित रहँदैन । हिमाली क्षेत्रमा उत्पन्न बाढी, पहिरो, हिमताल विस्फोट वा नदी प्रणालीमा आएको असामान्य परिवर्तनले सीमापार भारत र चीनका भूभागलाई समेत असर पार्न सक्छ । त्यसैले जलवायु जोखिमसम्बन्धी सूचना एउटा देशभित्र सीमित राख्नुभन्दा समयमै साझा गर्ने प्रणाली सबै पक्षको हितमा हुन्छ । तर यही प्रस्तावको सबैभन्दा ठूलो चुनौती पनि यहीँ छ । नेपाल, भारत र चीनबीच संवेदनशील सीमा, सुरक्षा, तथ्यांक आदानप्रदान र रणनीतिक विश्वासका आफ्नै प्रश्न छन् । जलवायु सहकार्यलाई राजनीतिक अविश्वासबाट अलग राखेर अघि बढाउन सकिन्छ कि सकिँदैन भन्ने प्रश्न अब महत्त्वपूर्ण हुनेछ । स्याटेलाइट तथ्यांक साझेदारी वा सीमापार पूर्वसूचना प्रणाली प्राविधिक विषय मात्र होइनस यसमा सुरक्षा, सार्वभौमिकता र संवेदनशील सूचनाको प्रश्न पनि जोडिन सक्छ । त्यसैले प्रस्तावलाई सफल बनाउन उच्चस्तरीय राजनीतिक सहमति सँगै स्पष्ट प्रोटोकल, वैज्ञानिक संस्थाबीच प्रत्यक्ष सहकार्य र पारदर्शी कार्यविधि आवश्यक हुनेछ । अहिले जलवायु परिवर्तन को सर्वाधिक असर नेपालले भोगिरहेको देखिए पनि यससंगै प्रभावित हुने चीन र भारत पनि हुन् । चीन नेपालको हिमाली सीमा हो भने भारत हिमालबाट बग्ने नदीहरुको पुग्ने क्षेत्र हो । यस अर्थमा नेपालको प्रस्ताव नेपालका लागि मात्र होइन, चीन र भारतका लागि पनि हितकारी छ ।

शाहको सम्बोधनको अर्को महत्वपूर्ण पक्ष जलवायु न्याय र वित्तसँग सम्बन्धित थियो । नेपालजस्ता कमजोर तथा बढी प्रभावित मुलुकलाई विपद्पछि राहत र पुनर्निर्माणका लागि ऋणमै निर्भर गराउने प्रणालीप्रति उहाँले प्रश्न उठाउँदै पर्याप्त अनुदानमा आधारित सहयोगको माग गर्नुभयो । जलवायु वित्त प्राप्त गर्ने प्रक्रिया अत्यधिक जटिल र प्रक्रियामुखी भएको भन्दै उहाँले 'घरमा आगो लागेको बेला ५० वटा फाराम भर्न लगाएर बसिँदैन' भन्ने उदाहरण प्रस्तुत गर्नुभयो । यसको अर्थ केवल नेपाललाई थप पैसा चाहियो भन्ने होइन । यसले जलवायु वित्तको विद्यमान संरचनामाथि प्रश्न उठाएको छ । जलवायु संकटबाट बढी प्रभावित मुलुकले आफ्नो सीमित स्रोत पुनःपुनः विपद् पुनर्निर्माणमा खर्च गरिरहनुपर्दा विकासका लक्ष्य पछाडि धकेलिन्छन् । एउटा विपद् व्यवस्थापन गर्न लिएको ऋृण अर्को विपद्ले थपिँदै जाँदा गरिब देशहरू ऋृणको चक्रमा फस्ने जोखिम रहन्छ । त्यसैले जलवायु वित्तलाई राहतभन्दा दीर्घकालीन उत्थानशीलता निर्माण सँग जोड्ने बहस नेपालका लागि रणनीतिक महत्त्वको विषय हो ।

तर, अन्तर्राष्ट्रिय मञ्चमा माग राख्नु मात्र पर्याप्त हुँदैन । नेपालले प्राप्त हुने सम्भावित जलवायु वित्तको पारदर्शी उपयोग, परियोजनाको गुणस्तर, जोखिमको वैज्ञानिक मूल्याङ्कन, स्थानीय तहको क्षमता तथा परिणाम मापन गर्ने प्रणाली बलियो बनाउनुपर्ने हुन्छ । अन्तर्राष्ट्रिय समुदायसँग जिम्मेवारी माग गर्दा नेपालले पनि आफ्नै संस्थागत जवाफदेहिता प्रमाणित गर्नुपर्ने अवस्था छ ।

प्रधानमन्त्री शाहले विश्व व्यवस्थाको प्राथमिकतामाथि पनि प्रश्न उठाउनुभयो । युद्धका लागि हतियार र सैन्य सामग्री छोटो समयमा विश्वको जुनसुकै कुनामा पुऱ्याउन सक्ने अन्तर्राष्ट्रिय प्रणालीले किसानलाई मल, इन्धन र आवश्यक सामग्री सहज रूपमा उपलब्ध गराउन किन नसक्ने भन्ने उहाँको प्रश्न थियो । मानव सुरक्षालाई सैन्य सुरक्षाभन्दा फराकिलो अर्थमा हेर्नुपर्ने धारणा राख्दै विकास, रोजगारी, खाद्य सुरक्षा तथा मानिसलाई भय र अभावबाट मुक्त गर्ने विषयलाई अन्तर्राष्ट्रिय सुरक्षाको बहससँग जोड्नुभयो । यो बहस नेपालको परम्परागत परराष्ट्र प्राथमिकता भन्दा केही फराकिलो छ । नेपालले आफ्नो राष्ट्रिय हितलाई विश्वव्यापी मानव सुरक्षा, जलवायु न्याय र बहुपक्षीयताको बहससँग जोड्न खोजेको देखिन्छ । यसले साना तथा विकासशील मुलुकको आवाजका रूपमा नेपाललाई आफ्नो कूटनीतिक स्थान विस्तार गर्ने अवसर दिन सक्छ । तर यस्तो कूटनीतिक पहलकदमी लाई निरन्तरता दिन सरकारको संस्थागत तयारी, परराष्ट्र मन्त्रालयको सक्रियता र अन्तर्राष्ट्रिय साझेदार सँग निरन्तर संवाद आवश्यक हुन्छ । शाहले नेपालको पछिल्लो राजनीतिक परिवर्तनलाई पनि नयाँ पुस्ताले खोजेको इमानदारी, जवाफदेहिता, रोजगारी, सामाजिक सुरक्षा र स्वदेशमै अवसरसँग जोड्नुभयो । यसरी उहाँको सम्बोधन जलवायु र परराष्ट्र नीतिमा मात्र सीमित रहेन, 'नयाँ नेपाल' निर्माणको आन्तरिक राजनीतिक सन्देशलाई पनि अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउने प्रयासका रूपमा देखियो ।

तर अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरिएको जवाफदेहिताको प्रतिबद्धताको वास्तविक परीक्षा नेपालभित्रै हुनेछ । सुशासन, सार्वजनिक खर्चको पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, सुरक्षित पूर्वाधार र नागरिक सेवाको गुणस्तरमा ।

प्रधानमन्त्रीले विपद् आए पछि प्रतिक्रिया दिने पुरानो शैलीबाट बाहिर निस्केर पूर्वतयारी, पूर्वसूचना, सुरक्षित पूर्वाधार, बीमा, प्रविधि र

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं / नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## परराष्ट्रमन्त्री खनालद्वारा न्युयोर्कका नेपाली डायस्पोरासँग अन्तरक्रिया

प्रत्यूष समाचारदाता

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले न्युयोर्कमा शनिबार नेपाली डायस्पोरा (विदेशमा बसोबास गर्ने नेपाली समुदाय)का सदस्यहरूसँग अन्तरक्रिया गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुने क्रममा आयोजित कार्यक्रममा मन्त्री खनालले नेपालको विकास यात्रामा नेपाली डायस्पोरालाई महत्त्वपूर्ण आधारस्तम्भका रूपमा चित्रण गर्दै मुलुकको विकासमा यो समुदायको थप योगदान आवश्यक रहेको बताउनुभएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

न्युयोर्कस्थित नेपाली महावाणिज्यदुतावासद्वारा आयोजित कार्यक्रममा डायस्पोराका केही प्रतिनिधि सदस्यहरूले प्रविधि, कृत्रिम बौद्धिकता (एआई), विपद् व्यवस्थापन तथा नेपालको विकास मा डायस्पोराको सम्भावित योगदानका विषयमा प्रस्तुति दिनुभएको थियो।

## भोटेकोशीदेखि...........

नवप्रवर्तनमा आधारित विपद् व्यवस्थापन प्रणाली आवश्यक रहेको पनि बताउनुभयो । यो विषय नेपालका लागि भाषणभन्दा बढी व्यवहारिक आवश्यकता हो। प्रत्येक वर्ष बाढी, पहिरो, हिमपहिरो र अन्य प्राकृतिक विपद्को जोखिम बढ्दै जाँदा विपद् व्यवस्थापनलाई राहत वितरणको विषयमा मात्र सीमित राख्न सकिँदैन । नेपालले अब यस सम्बोधन लाई कूटनीतिक दस्तावेज भन्दा कार्ययोजनामा बदल्नुपर्ने आवश्यकता छ। पहिलो, प्रस्तावित हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्मका लागि भारत र चीनसँग औपचारिक संवाद अघि बढाउनुपर्छ । दोस्रो, हिमताल, हिमनदी, मौसम र नदी प्रणाली सम्बन्धी वैज्ञानिक तथ्यांक लाई एउटै राष्ट्रिय डिजिटल प्रणालीमा व्यवस्थित गर्नुपर्छ। तेस्रो, सीमापार पूर्वसूचना प्रणालीका लागि प्राविधिक संयन्त्र निर्माण गर्नुपर्छ । चौथो, जलवायु वित्तमा नेपालले अनुदानमा आधारित सहयोग प्राप्त गर्न सक्ने परियोजना र संस्थागत संरचना तयार गर्नुपर्छ। पाँचौं, विपद् जोखिम न्यूनीकरणलाई विकास आयोजना निर्माणकै चरणदेखि अनिवार्य बनाउनुपर्छ।

यससँगै भारत र चीनको भूमिका पनि निर्णायक हुनेछ। हिमालय दुवै ठूला छिमेकीको पर्यावरणीय र आर्थिक हितसँग जोडिएको छ । नेपालले प्रस्ताव गरेको संयन्त्रलाई केवल नेपालको पहलका रूपमा होइन, साझा हिमालयको जोखिम व्यवस्थापन गर्ने क्षेत्रीय संरचनाका रूपमा बुझ्न सकिएमा यसको प्रभावकारिता बढ्न सक्छ । दक्षिण एसियाका अन्य मुलुकहरूका लागि पनि हिमालय बाट उत्पन्न हुने पानी, मौसम, नदी र खाद्य सुरक्षाको प्रश्न प्रत्यक्ष सरोकारको विषय हो ।

अन्तर्राष्ट्रिय समुदायका लागि पनि अब प्रश्न स्पष्ट छ । नेपालको चेतावनीलाई अर्को एउटा भाषणका रूपमा लिने कि त्यसलाई ठोस सहकार्यमा बदल्ने ? संयुक्त राष्ट्रसंघकै उच्चस्तरीय 'सगरमाथा देखि समुद्रसम्म' कार्यक्रमले हिमालयदेखि समुद्रसम्म जोडिएको जलवायु संकटबारे बहस अघि बढाएको छ । संयुक्त राष्ट्रसंघका महासभा अध्यक्षले समेत हिमालय र समुद्रलाई एउटै अन्तरसम्बन्धित जलवायु संकटका रूपमा प्रस्तुत गरेका छन्। यस अर्थमा प्रधानमन्त्री शाहको सम्बोधनको वास्तविक महत्त्व भाषणको प्रभावमा भन्दा त्यसपछि सुरु हुने कूटनीतिक प्रक्रियामा हुनेछ। प्रस्ताव कागजमै सीमित रह्यो भने त्यसको प्रभाव सीमित हुनेछ। भारत र चीनसँग संस्थागत सहमति बन्न सक्यो, वैज्ञानिक तथ्यांक आदानप्रदान सुरु भयो, साझा पूर्वसूचना प्रणाली निर्माण भयो र जलवायु वित्तलाई वास्तविक परियोजनामा रूपान्तरण गर्न सकियो भने यो सम्बोधन नेपालको जलवायु कूटनीतिको महत्वपूर्ण आधार बन्न सक्छ।

संयुक्त राष्ट्रसंघमा नेपालको आवाज केवल सहयोग माग्ने आवाज बन्नु हुँदैन । नेपालले आफूलाई जलवायु संकटको पीडित मुलुकका रूपमा प्रस्तुत गर्नु स्वाभाविक छ, तर त्यसमै सीमित रहनु पर्याप्त छैन। हिमालयको भौगोलिक महत्त्व, जलवायु जोखिम र दक्षिण एसियाको भविष्यसँग जोडिएको नेपालको विशिष्ट अवस्थालाई कूटनीतिक शक्ति बनाउन सक्नुपर्छ।

प्रधानमन्त्री शाहले विश्व मञ्चमा एउटा प्रश्न राख्नुभएको छ। हिमालयको संकटलाई विश्वले कति गम्भीरतापूर्वक लिन्छ ? अब त्यसको उत्तर भाषणबाट होइन, निर्णयबाट आउनेछ । भारत र चीनले यस प्रस्तावलाई कसरी ग्रहण गर्छन्, संयुक्त राष्ट्रसंघ र विकसित मुलुकहरूले जलवायु वित्तमा कस्तो प्रतिबद्धता देखाउँछन् र नेपाल स्वयंले आफ्नो संस्थागत क्षमता कति बलियो बनाउँछ भन्ने कुराले आगामी दिशा निर्धारण गर्नेछ।

नेपालले विश्वसँग सहयोग मागेको छ, तर त्यसभन्दा ठूलो कुरा विश्वलाई एउटा साझा जोखिमबारे सचेत गराएको छ । हिमालय कमजोर हुनु नेपालको मात्र समस्या होइन, त्यससँग जोडिएको पानी, कृषि, जैविक विविधता, ऊर्जा, खाद्य सुरक्षा र करोडौं मानिसको भविष्यसँग सम्बन्धित विषय हो ।

त्यसैले प्रधानमन्त्री शाहले अघि सारेका प्रस्तावको अबको परीक्षा संयुक्त राष्ट्रसंघको सभाहल मा होइन, काठमाडौं, दिल्ली र बेइजिङबीचको कूटनीतिक टेबलमा हुनेछ ।

हिमालयलाई विभाजित सूचनाको सीमाक्षेत्रबाट साझा सहकार्यको प्रयोगशालामा रूपान्तरण गर्न सकिन्छ कि सकिँदैन अब नेपालको आवाजको वास्तविक अर्थ त्यहींबाट तय हुनेछ ।

(लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

## मौसमी जोखिमबाट क्षति हुन नदिन पूर्वतयारी अवस्थामा

कर्णाली । कर्णाली प्रदेशका दश जिल्लाका प्रमुख जिल्ला अधिकारी हरूले मौसमजन्य जोखिमबाट क्षति हुन नदिने गरी पूर्वतयारी अवस्थामा रहेको बताउनुभएको छ ।

कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको असोज ८ गतेको बैठकको निर्णयको निर्देशनअनुसार मौसमी विपद् जोखिमबाट क्षति हुन नदिन सबै प्रमुख जिल्ला अधिकारीहरूले उपलब्ध जनशक्ति तथा साधनस्रोत सहित पूर्वतयारी अवस्थामा रहेको बताउनुभयो ।

उहाँहरूका अनुसार बाढी, पहिरो, डुबान तथा सडक दुर्घटनाको जोखिमबाट सतर्क रहन हरेक दिन सर्वसाधरणलाई सूचना गर्ने गरिएको छ । डोल्पा तथा हुम्लाका प्रमुख जिल्ला अधिकारीद्वय जुनु हमाल ढकाल र भोलानाथ गुरागाईंले बाढी तथा पहिरोको जोखिममा रहेका बस्तीलाई उच्च सतर्कता अपनाउन सूचना गरिएको बताउनुभयो। भेरी तथा कर्णाली नदीको बहाव सामान्यतया बढेपनि त्यस्तो जोखिम नरहेको तथापि सम्भावित जोखिम बाट बच्न नदी तटीय क्षेत्रका बासिन्दाहरुलाई उच्च सतर्कता अपनाउन अनुरोध गरिएको उहाँहरूले बताउनुभयो। मुगु तथा कालिकोटका प्रमुख जिल्ला अधिकारीद्वय पोषनराज भण्डारी र भविलाल भट्टराईले यहाँका भिरोलो बस्तीहरू बढी जोखिममा रहेकाले वासिन्दाका लाई उच्च सतर्कता अपनाउन सूचना गरिएको बताउनु भयो । मुगु प्रजिअ भण्डारीका अनुसार उच्च भागमा हिमपात र तल्लो भागमा मध्यम वर्षा भइरहेको छ । कालिकोट प्रजिअ भट्टराईले रातभरि बढी हावा चलेको, कर्णाली राजमार्गअन्तर्गत गगने खोलामा पहिरो जाँदा सडक बन्द भएको र अहिलेसम्म कुनै अप्रिय घटना नघटेको जानकारी दिनुभयो ।

जुम्लाका प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले सिञ्जाको हिमनदी किनारको जोखिम बस्ती व्यवस्थापनका लागि सम्बन्धित पालिकासँग समन्वय गरिएको बताउँदै लेकमा हिमपात र बेँसीमा सामान्यत वर्षा भइरहे पनि ठूलो असर भने नगरेको बताउनुभयो ।

दैलेखका प्रमुख जिल्ला अधिकारी आनन्द सारुले कर्णाली राजमार्गअन्तरगत दैलेख खण्डका सडकमा पहिरो जाने जोखिम देखिएकोले उक्त क्षेत्रका बासिन्दा लाई उच्च सतर्कता अपनाउन अनुरोध गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार चामुण्डा बिन्द्रासैनी नगरपालिका-६ दैलेखको पहिरो प्रभावित परिवारलाई नजिकैको विद्यालयमा आश्रयको व्यवस्थापन गरिएको छ ।

जाजरकोट का प्रमुख जिल्ला अधिकारी नवराज बरालले हालसम्म अवस्था सामान्य रहेपनि जाजरकोट पहिरोको उच्च जोखिम क्षेत्र भएकाले सम्भावित जोखिमबाट क्षति हुन नदिन सबै संयन्त्र तयारी अवस्थामा राखिएको बताउनुभयो । रुकुमपश्चिमका प्रमुख जिल्ला अधिकारी निशानराज गौतमले ठूलो तथा सानो भेरी आसपासमा पानीको बहाव बढेर क्षति हुने जोखिम देखिएकाले यस क्षेत्रका बासिन्दालाई सतर्क रहन सूचना गरिएको बताउनुभयो। जोखिमबाट बचाउन आठबीसकोट नगरपालिकाको गोतामकोटमा अस्थायी बसोबासका लागि क्षेत्र छुट्याइएको उहाँको भनाइ छ ।

सल्यानका प्रमुख जिल्ला अधिकारी बन्दनाकुमारी केसीले राप्ती राजमार्गअन्तर्गत लुहाम-कपुरकोट-तुल्सीपुर सडकमा पहिरो बढी गएको भन्दै सो क्षेत्रमा जोखिम धेरै रहेकाले दिउँसोको समयमा पनि सवारी आवागमन बन्द गरिएको जानकारी दिनुभयो। पहिरो पन्छाएर एम्बुलेन्स र विद्युत् जस्ता अति आवश्यक गाडी मात्र जान दिइएको बताउनुभयो । त्यस्तै, सल्यानको दार्मा, कुमाख, कालिमाटी गाउँ पालिका र बागचौर नगरपालिकामा स्क्रबटाइफसको सङ्क्रमण फैलिन थालेपछि स्वास्थ्य सेवा महाशाखामा अध्ययन तथा अनुसन्धानका लागि विज्ञसहितको टोली पठाउन केन्द्रमा अनुरोध गरेसँगै टोली आउन तयार भएको तर पानीका कारण रोकिएको उहाँले बताउनुभयो ।

सुर्खेतका प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले सुर्खेतमा पहिरो, बाढीको जोखिम, जनसङ्ख्याको चाप र राजमार्ग सवारी आवागमनलाई ध्यानमा राखेर सबै सरोकार भएका निकायलाई तयारी अवस्थामा राखिएको बताउनुभयो । मौसमी विपद् जोखिमका कारण हुने दुर्घटनाबाट नागरिकको जीउज्यान सुरक्षा गर्न सबै सुरक्षा निकाय, प्रदेश अस्पताल, रेडक्रस, गैरसरकारी संस्थासहित उपकरण र जनशक्ति तयार रहेको उहाँले जनाउनुभयो ।

कर्णालीमा असोज ८ गते बेलुकादेखि ११ गतेसम्म रात्रिकालीन सवारी आवागमन पूर्ण बन्द गरिएको छ भने लामो दूरीका सवारीसाधन पनि सञ्चालन भएका छैनन् । नागरिकलाई तत्काल आश्रयका लागि सामुदायिक भवन, विद्यालय, स्वास्थ्य चौकी, वडा तथा पालिका क्षेत्र तोकिएको उहाँले बताउनुभयो । सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले नेपाल प्रहरी, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, जिल्ला आपतकालीन सञ्चालन केन्द्र, अस्पताल, नेपाल रेडक्रस, गैसस लगायतलाई तयारी अवस्थामा राखिएको बताएका छन् ।

प्रहरी वरिष्ठ उपरीक्षक सन्तोषसिंह राठौरले असोज ८ गते बेलुकादेखि ९ गते रातिसम्म आएको वर्षाले कर्णाली करिडोर तथा राजमार्ग, मध्यपहाडी राजमार्ग, राप्ती राजमार्ग, सुर्खेत-सल्यान सडक, लुहाम-कालीमाटी सडक खण्ड पहिरो कारण बन्द भएको जानकारी दिनुभएको छ ।

## आपत्कालीन अवस्थामा रोकथाम, तयारी र प्रतिकार्य केन्द्रमा राख्नुपर्छः परराष्ट्रमन्त्री

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले महामारी तथा जनस्वास्थ्य आपत्कालको रोकथाम, तयारी र प्रतिकार्यका लागि बहुपक्षीयता, समानता र ऐक्यबद्धतालाई विश्वव्यापी प्रयासको केन्द्रमा राख्नुपर्ने बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभा अन्तर्गत भएको 'प्यान्डेमिक प्रिभेन्सन, प्रिपेयर्डनेस एन्ड रेस्पोन्स' (महामारी रोकथाम, पूर्वतयारी तथा प्रतिकार्य) विषयमा आज भएको उच्चस्तरीय बैठकलाई सम्बोधन गर्दै उहाँले सङ्कट आएपछि मात्र प्रतिक्रिया दिने शैलीलाई परिवर्तन गर्दै पहिले रोकथामको संस्कृतितर्फ अघि बढाउनुपर्ने धारणा राख्नुभएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

मन्त्री खनालले कोभिड-१९ महामारीको समयमा कुनै एक स्थानमा उत्पन्न हुने जनस्वास्थ्य आपत्काल विश्वव्यापी सङ्कटमा परिणत भएको तथ्य उजागर गरेको बताउनुभयो ।

मन्त्री खनालले उक्त महामारीले स्वास्थ्य सेवासँगै खोप, औषधि, प्रविधि र वित्तीय स्रोतमा रहेको गहिरो असमानता पनि उजागर गरेको बताउनुभयो ।

"महामारी स्वास्थ्य सङ्कट मात्र थिएन, यसले दशकौँमा हासिल भएका विकासका उपलब्धिहरूलाई समेत चुनौती दिएको थियो", परराष्ट्रमन्त्री खनालले भन्नुभयो । नेपालले विश्वव्यापी महामारीको तयारीलाई थप सुदृढ बनाउन विश्व स्वास्थ्य सङ्गठन महामारी सम्झौता (डब्ल्युएचओ प्यान्डेमिक एग्रिमेन्ट) तथा संशोधित अन्तरराष्ट्रिय स्वास्थ्य नियमावलीलाई महत्वपूर्ण कदमका रूपमा स्वागत गरेको उहाँले बताउनुभयो ।

उहाँले विश्वव्यापी स्वास्थ्य सुरक्षाको आधार समानता हुनुपर्ने, महामारी तयारीका लागि दिगो वित्तीय स्रोत सुनिश्चित गर्नुपर्ने, विश्व स्वास्थ्य सङ्गठनलाई केन्द्रमा राख्दै बहुपक्षीय सहकार्य र विकासशील मुलुकको अर्थपूर्ण प्रतिनिधित्व सुदृढ गर्नुपर्ने, 'सम्पूर्ण सरकार, सम्पूर्ण समाज र एक स्वास्थ्य (वान हेल्थ)' अवधारणा मार्फत समुदायलाई तयारीको केन्द्रमा राख्नुपर्ने र युवालाई साझेदार, नवप्रवर्तक तथा भावी नेतृत्वका रूपमा समेट्दै महामारी तयारीलाई अन्तरपुस्तीय बनाउनु पर्नेमा उहाँले जोड दिनुभएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ ।

परराष्ट्रमन्त्री खनालले विश्व समुदायले सङ्कट आएपछि मात्र प्रतिक्रिया जनाउने अभ्यास बाट रोकथामको संस्कृति तर्फ अघि बढ्नुपर्नेमा जोड दिनुभयो। "सङ्कट आएपछि प्रतिक्रिया दिने हाम्रो शैलीलाई पहिले नै रोकथामको संस्कृतितर्फ अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो । दक्ष स्वास्थ्यकर्मी, रोग निगरानी, प्रारम्भिक चेतावनी प्रणाली, अनुसन्धान तथा समुदाय स्तरीय तयारीमा लगानी बढाउन आह्वान गर्दै कुनै पनि देश र कुनै पनि पुस्ता पछाडि नपर्ने गरी सुरक्षित, समतामूलक र उत्थान शील विश्व निर्माणका लागि सहकार्य गर्न आग्रह गर्नुभयो ।

## पहिरोले घर पुरिँदा एकको मृत्यु

बागलुङ । बिहीबारदेखि परेको अविरल वर्षाका कारण ताराखोलामा एक जनाको पहिरोमा परी मृत्यु भएको छ ।

गएराति घरमाथिबाट खसेको पहिरोमा पुरिएर ताराखोला गाउँपालिका-५ धस्मरका ५९ वर्षीय मनबहादुर रोकाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक फणिन्द्र प्रसाईंले जानकारी दिनुभयो ।

घरमा आंशिक क्षति पुगेको जनाउँदै रोका सुत्नेकोठामा रहेकाले पहिरोले पुरेको प्रहरी उपरीक्षक प्रसाईंले बताउनुभयो । शनिबारै स्थानीयको सहयतामा पहिरोबाट शव निकाल्ने काम गरिएको उहाँको भनाइ छ ।

## पर्सामा विपद्बारे जानकारी दिन जनचेतनामूलक कार्यक्रम

वीरगञ्ज । विपद्को समयमा सुरक्षित रहने उपायबारे सर्व साधारणलाई जानकारी गराउने उद्देश्यले वीरगञ्जमा जनचेतना मूलक कार्यक्रम आयोजना गरिएको छ ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र मीनाबजारले विपद्को समयमा हुन सक्ने जोखिम र त्यसबाट बच्ने उपायबारे सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले वीरगञ्जमा जन चेतनामूलक कार्यक्रम आयोजना गरिएको हो ।

वीरगञ्जको घण्टाघर क्षेत्रमा आयोजित कार्यक्रममा बाढी, पहिरो, डुबान तथा अन्य प्राकृतिक विपद्का बेला अपनाउनुपर्ने सावधानी तथा सुरक्षित रहने उपायसम्बन्धी सूचनामूलक सामग्री वितरण गरिएको छ । सामुदायिक प्रहरी सेवा केन्द्र मीनाबजारकी इन्चार्ज प्रहरी हवल्दार सन्ध्या गुरौले कार्यक्रममार्फत स्थानीय बासिन्दा, रिक्सा तथा ठेला चालक र यात्रुहरूलाई विपद्का कारण उत्पन्न हुन सक्ने आर्थिक, मानसिक तथा सामाजिक जोखिमबारे जानकारी गराइएको बताउनुभयो। कार्यक्रममा विपद्का बेला अस्थायी शिविरमा बस्दा अपनाउनु पर्ने सावधानी तथा महिला र बालबालिकाको सुरक्षाका विषयमा समेत सचेत गराइएको थियो । साथै विपद्का समयमा हुन सक्ने असुरक्षित वैदेशिक रोजगारी, मानव बेचबिखन, आगलागी, बाढी, भूकम्प लगायत अवस्थामा अपनाउनु पर्ने सुरक्षा उपायका साथै अपरिचित व्यक्तिको शङ्कास्पद गतिविधिप्रति सतर्क रहनेबारे पनि सचेतना फैलाइएको गुरौले जानकारी दिनुभयो ।

# हिमाल र समुद्र नक्सामा टाढा देखिन्छन्ः प्रकृतिले भने विपरीत कुरा बताउँछ

काठमाडौँ । जलवायु परिवर्तन विषयलाई विश्वसामु बलियो रूपमा उठाउन नेपालले संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा 'सगरमाथा देखि समुद्रसम्म' नामक विशेष कार्यक्रम आयोजना गरेको छ । संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा नेपालद्वारा शनिबार आयोजित 'सगरमाथादेखि समुद्रसम्मः जलवायु उत्थानशील भविष्यका लागि आवश्यक कार्यको आह्वान' नामक जलवायु केन्द्रित उच्चस्तरीय विशेष कार्यक्रम भएको हो ।

नेपालले भोटेकोशीमा आएको विनाशकारी बाढीपछि उक्त उच्चस्तरीय विशेष कार्यक्रम गर्ने निर्णय गरेको परराष्ट्रमन्त्री शिशिर खनालको सचिवालयले जनाएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले हिमाल, नदी, समुद्र तथा तटीय र द्वीपीय क्षेत्र जलवायु परिवर्तनका दृष्टिले परस्पर जोडिएका पारिस्थितिक प्रणाली भएकाले जलवायु सङ्कट सम्बोधनका लागि सामूहिक र समन्वित प्रयास आवश्यक रहेको बताउनुभयो ।

परराष्ट्रमन्त्री खनालले जलवायु प्रणालीले राजनीतिक सीमालाई नचिन्ने भएकाले हिमालदेखि समुद्रसम्मको साझा जलवायु जोखिमलाई एकीकृत रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "तपाईंहरूको साझेदारीले हिमाली, द्वीपीय र तटीय क्षेत्रका दृष्टिकोणलाई एउटै संवादमा ल्याएको छ ।"

नेपाल अहिले कठिन परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै मन्त्री खनालले गत २६ अगस्ट (भदौ १०) मा लाङटाङ क्षेत्रमा चट्टान र हिमनदीको ठूलो हिस्सा खस्दा भोटेकोशी बाढी गएको जनाउँदै यसबाट ठूलो जनधन तथा महत्वपूर्ण पूर्वाधारमा क्षति पुगेको बताउनुभयो । उहाँले उक्त घटनालाई आफूले 'हिमालयन सुनामी' का रूपमा वर्णन गरेको उल्लेख गर्दै भन्नुभयो, "घाउहरू अझै ताजा छन् । यस्तो अवस्थामा यो विषयमा छलफल गर्नु उपयुक्त समय हो ।"

परराष्ट्रमन्त्री खनालले 'सगरमाथादेखि समुद्रसम्म'को अवधारणा जलवायु प्रणाली राजनीतिक सीमाभन्दा पर रहेको यथार्थमा आधारित रहेको बताउनुभयो । पृथ्वीको सर्वोच्च शिखर सगरमाथा तथा हिमालय क्षेत्रलाई ध्रुवीय क्षेत्रबाहेक सबैभन्दा ठूलो हिम तथा हिउँ भण्डार रहेको 'थर्ड पोल' अर्थात् 'तेस्रो ध्रुव' का रूपमा व्याख्या गर्दै उहाँले यस क्षेत्रमा ६३ हजार ७०० भन्दाबढी हिमनदी रहेका जानकारी दिनुभयो । परराष्ट्रमन्त्री खनालले सन् २०२३ मा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हिमनदीलाई 'आइस रिजर्भ्वायर्स' अर्थात् 'बरफका जलाशय' का रूपमा वर्णन गर्नुभएको स्मरण गर्नुभयो । हिमनदीबाट निस्कने पानी नदी हुँदै पारिस्थितिक प्रणाली र समुदायलाई पोषण गर्दै समुद्रसम्म पुग्ने बताउँदै उहाँले पछिल्ला तीन दशकमा नेपालले आफ्नो हिम क्षेत्रको करिब एकतिहाइ हिस्सा गुमाइसकेको जानकारी दिनुभयो ।

परराष्ट्रमन्त्री खनालले हिमनदीको ह्रासले नदीको बहावमा परिवर्तन ल्याउँदै तल्लो तटीय क्षेत्रका जनजीवनमा असर पारि रहेको र अर्कोतर्फ द्वीपीय तथा तटीय मुलुकहरूले समुद्री सतह वृद्धि, तटीय क्षय र विस्थापनको सामना गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नक्सामा हेर्दा हिमाल र समुद्र एकअर्काबाट टाढा देखिन सक्छन्, तर प्रकृतिले हामीलाई त्यसको विपरीत कुरा बताउँछ ।"

जलवायु सङ्कटका विषयमा सम्बोधनका लागि मन्त्री खनालले पाँच वटा प्रस्ताव अघि सार्नुभएको उहाँको सचिवालयले जनाएको छ। सचिवालयका अनुसार उहाँले विज्ञान, नीति र लगानीले हिमाल, ताजा पानीका प्रणाली र महासागर बीचको पारिस्थितिक निरन्तरतालाई स्वीकार गर्नुपर्ने धारणा राख्नुभएको छ। जलवायु प्रक्रियामा हिमाललाई थप प्राथमिकता दिँदै संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचनामा यसको व्यवस्थित समावेश गरिनु पर्नेमा परराष्ट्रमन्त्री खनालले जोड दिनुभयो । विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्य कायम राख्नुपर्नेमा जोड दिँदै उहाँले कार्बन उत्सर्जन कटौतीलाई तीव्रता दिन तथा जीवाश्म इन्धनबाट सङ्क्रमण सम्बन्धी जलवायु प्रक्रियाअन्तर्गत भएका सहमतिहरू कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

परराष्ट्रमन्त्री खनालले प्रारम्भिक चेतावनी प्रणाली, उत्थानशील पूर्वाधार, पूर्वानुमानमा आधारित अग्रिम कार्य तथा वैज्ञानिक सहकार्यलाई थप सुदृढ गर्नुपर्ने धारणा राख्नुभयो ।

विकासशील मुलुकका लागि पर्याप्त, पूर्वानुमानयोग्य र सहज पहुँचयोग्य जलवायु वित्त, प्रविधि तथा क्षमता विकास आवश्यक रहेको उल्लेख गर्दै उहाँले हानि तथा क्षतिलाई सम्बोधन गर्ने कोषलाई पर्याप्त स्रोतसहित प्रभावकारी र पहुँचयोग्य बनाउनुपर्नेमा जोड दिनुभयो ।

परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "जलवायु न्याय तब मूर्त हुन्छ, जब देशहरूले प्राप्त गर्ने सहयोगमा जिम्मेवारी, क्षमता र जोखिमको स्तर प्रतिबिम्बित हुन्छ ।" जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणमा नेपालले आफ्नोतर्फबाट योगदान गरिरहेको उल्लेख गर्दै उहाँले नेपालको करिब ४६ प्रतिशत भूभाग वनले ढाकेको, स्वच्छ जलविद्युत् र विद्युतीय यातायातको विस्तार भइरहेको तथा समुदायको नेतृत्वमा हुने संरक्षण कार्य वातावरणीय व्यवस्थापनको महत्वपूर्ण आधार रहेको बताउनुभयो ।

# प्रस्तावित तेह्र राजदूतविरुद्ध उजुरी/सूचना आह्वान

काठमाडौँ । नेपाल सरकारले १३ देशका लागि राजदूत पदमा नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिहरूको सम्बन्धमा कुनै सूचना वा उजुरी भए प्रमाणसहित पेस गर्न संसदीय सुनुवाइ समितिले आह्वान गरेको छ ।

समितिले शनिबार (हिजो) सार्वजनिक गरेको सूचनामा प्रस्तावित राजदूतका सम्बन्धमा कसैलाई नियुक्तिका लागि उपयुक्त छैन भन्ने लागेमा स्पष्ट आधार तथा सबुतप्रमाणसहित रीतपूर्वक उजुरी दिन सकिने जनाएको छ । सूचना पहिलोपटक प्रकाशित भएको मितिले १० दिनभित्र सङ्घीय संसद्को सचिवालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने व्यवस्था गरिएको संसदीय सुनुवाइ समितिले जनाएको छ ।

समितिले उजुरी गर्दा प्रस्तावित राजदूतको नाम, ठेगाना, पद तथा आफूले दिएको उजुरीको स्पष्ट आधार खुलाउन आग्रह गरेको छ । प्राप्त उजुरीमाथि आवश्यक प्रक्रिया पूरा गरी संसदीय सुनुवाइ गरिने सार्वजनिक सूचनामा जनाइएको छ । समितिको यही असोज ८ गतेको बैठकले सुनुवाइको प्रक्रिया सुरु गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को असोज २ गतेको निर्णयअनुसार भारतका लागि डा निश्चलनाथ पाण्डे, चीनका लागि डा कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजङ्ग थापा, बेलायतका लागि गौरवशमशेर जङ्गबहादुर राणा र जर्मनीका लागि सरू जोशीलाई राजदूतमा सिफारिस गरिएको छ। त्यसैगरी इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन, जापानका लागि जिज्ञानकुमार थापा, ओमानका लागि डा पदमाक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्राडा सङ्गम श्रेष्ठ, श्रीलङ्काका लागि डा मंचला कुमारी झा र साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई सिफारिस गरिएको छ । संसदीय सुनुवाइपछि नियुक्तिको प्रक्रिया अघि बढ्ने समितिले जनाएको छ ।

# वर्षाले मुलुकभरका ११ राजमार्ग अवरुद्ध

काठमाडौँ । भारी वर्षाका कारण मुलुकभरका ११ वटा राजमार्गसहित विभिन्न खण्डका सडक अवरुद्ध भएका छन् ।

यही असोज ८ गतेदेखि भएको वर्षाका कारण बाढी तथा पहिरो जाँदा पृथ्वीराजमार्गसहित मुलुकभरका ११ वटा राजमार्गसहित विभिन्न खण्डको सडक अवरुद्ध भएका सडक विभागले आजएक सूचना जारी गरी जनाएको छ ।

पृथ्वी राजमार्गको कृष्णभीर, चौकीभीर, जवाङखोला, फिस्लिङ लगायत सडकखण्ड अवरुद्ध भएका छन । सो खण्ड अवरुद्ध हुँदा मुलुकका विभिन्न स्थानबाट देशको राजधानी काठमाडौँ आउने सवारीसाधन प्रभावित भएका छन् । लगातारको वर्षाका कारण रातिको समय र जोखिम मानिएका स्थानमा दिउँसो पनि यातायात सञ्चालनमा रोक लगाइएको विभागले जनाएको छ । सडक विभागका अनुसार विभिन्न स्थानमा पहिरो पन्छाउने काम भइरहेको जनाएको छ। त्यसैगरी विपी राजमार्गको माम्ती, पिप्ले, दाउन्ने-कालोपुल, चारसयबेँसी, कटुन्जे, चौकीडाँडालगायत खण्ड अवरुद्ध भएका छन् ।

कान्ति राजमार्गको चपली, तकुर्चेलगायत खण्डमा पनि आंशिक रूपमा प्रभावित भइरहेको छ । मकवानपुर खण्डमा भने पहिरो पन्छाएर यातायात सञ्चालनमा आएको विभागले सूचनामार्फत जनाएको छ। सिद्धिचरण राजमार्गको ओखलढुङ्गा-सलेरीखण्ड, सोलुखोला नजिकलगायत खण्डमा पनि अवरुद्ध भएका छन् । सो खण्डमा सडक भासिएकाले एक्जाभेटर, ह्विल लोडरलगायत उपकरण परिचालन गरेर सञ्चालन ल्याउने प्रयास भइरहेको छ ।

मध्यपहाडी राजमार्गको पनि निसी गाउँपालिका-कानाबगरलगायत खण्ड पनि अवरुद्ध भएको छ । सो खण्डमा लेदोसहितको पहिरो आउने क्रम पनि जारी छ । त्यसैगरी, कालीगण्डकी करिडोरको पनि जैमिनी नगरपलिका-८ बेलबगर सडक पनि अवरुद्ध छ ।

सो खण्डमा ठूलो प्रकृतिको पहिरो गएकाले पनि हटाउने कार्य भइरहेको सडक विभागले जनाएको छ। त्यसैगरी, बाग्लुङ-बेनी राजमार्ग खण्डको पनि म्यादी, हुलाकेलगायत खण्ड पनि सडक अवरुद्ध भएका छन् । सडक विभागका अनुसार तमोर कोरिडोरको छरुवाखोला, नावाखोला, रानीगाउँलगायत खण्डमा पनि सडक अवरुद्ध छ । राप्ती राजमार्गको पनि कपुरकोट-खारखोला खण्डको सडक अवरुद्ध छ । कर्णाली राजमार्गको गगनेखोला, नाग्म-जुम्लाको राँका क्षेत्र-बाङ्गेसिमल-दहीखोला तथा हारे नजिक खण्ड पनि अवरुद्ध छ । भालुवाङ-चकचके-लिवाङ सडक खण्डको पनि विभिन्न क्षेत्रमा सडक अवरुद्ध रहेको छ ।

# लगातारको वर्षाले धानबालीमा समस्या आउने जोखिम

नारायणगढ । लगातारको वर्षाका कारण पसाउने तथा परागसेचन हुने समयमा रहेको धानबालीमा थप समस्या आउने जोखिम देखिएको कृषि प्राविधिकले बताएका छन् ।

कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलका अनुसार लगातारको वर्षाले अहिले दाना लाग्ने अवस्थामा रहेको धानबालीमा दानामा दाग लाग्ने तथा परागसेचन हुन नपाउँदा फोकटा दाना बस्ने समस्या आउन सक्छ । उहाँले भन्नुभयो, "लगातारको वर्षाका कारण पानीले फूल झर्ने हुन्छ । पछि फोकटा दाना हुन्छ र यो बेलाको झरीका कारण दानामा दाग लाग्ने रोग पनि निम्त्याउँछ ।"

उहाँले जिल्लाका विभिन्न पालिकामा धानमा समस्या देखिन थालेको बताउनुभयो । समस्या देखिएका स्थानमा स्थानीय तहका कृषि प्राविधिकसँगको समन्वयमा खेतमै पुगेर बाली उपचार शिविर सञ्चालन गर्न थालिएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "बढी समस्या भएका स्थानमा हामीले शिविर सञ्चालन गर्न थालेका छौँ । कार्यालयले भरतपुर महानगर पालिका-१४ पकौडीमा बाली उपचार शिविर आयोजना गरेको छ भने अब रत्ननगरमा पनि गर्ने तयारी छ ।"

समस्याको आधारमा शिविर सञ्चालन गरी किसानका समस्या समाधान गर्न कार्यालय लागिपरेको प्रमुख कँडेलले बताउनुभयो । कार्यालयकी बाली संरक्षण अधिकृत गीता केसीले कार्यालयमा दैनिक रूपमा धानमा देखिएको समस्या लिएर आउने किसानको सङ्ख्या बढेको बताउनुभयो । कार्यालय नजिकका किसान कार्यालय मै आउने र अन्य स्थानका किसानले सम्बन्धित स्थानीय तहमा समस्या जानकारी गराउने गरेको उहाँले बताउनुभयो । धानमा देखिएको समस्या लिएर कार्यालयमा आउने किसानको सङ्ख्या बढेपछि बाली उपचार शिविर सञ्चालन गर्न थालिएको उहाँको भनाइ छ ।

उहाँका अनुसार जिल्लामा अहिले धानमा एउटा मात्रै रोग नभई विभिन्न रोग तथा किराको समस्या देखिएको छ । खाद्यतत्वको कमी, गबारो, पात बेरुवा, पात मरुवा, पातको फेद डढुवा, मरुवा रोग, ब्याक्टेरियल ब्लाइट र फेद डढुवा लगायतका समस्या देखिएको उहाँले बताउनुभयो । यद्यपि, हालसम्मको स्थलगत अवलोकन र किसानबाट प्राप्त समस्याको अवस्थालाई हेर्दा रोग नियन्त्रणबाहिर भने नगएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पश्चिम चितवनमा हेर्दा हामीले उपचार गर्दा र किसानलाई सजग बनाउँदा रोग नियन्त्रणबाहिर गएको छैन ।"

रोग नियन्त्रणका लागि पालिकाका कृषि प्राविधिकसँगको समन्वयमा उपचार तथा किसानलाई आवश्यक सुझाव दिँदै आएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार विशेषगरी सावाँ मन्सुली र सावित्री जातको धानमा समस्या बढी देखिएको छ । हर्दिनाथ-६ जातको धानमा पनि केही क्षेत्रमा समस्या देखिन थालेको उहाँले जानकारी दिनुभयो। धानमा समस्या देखिनुमा मौसमसँगै खाद्यतत्वको कमी पनि कारण रहेको उहाँले बताउनुभयो । धानमा विशेषगरी पोटास र जिङ्कको कमी देखिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "किसानले डीएपी र युरिया मात्रै बढी दिनुभयो, तर धानमा पोटास र जिङ्कको कमी पनि देखिएको छ ।"

# सुपथ मूल्य पसलमा उपभोक्ताको आकर्षण

बागलुङ । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडद्वारा दशैं , तिहार तथा छठपर्वलाई लक्षित गरी सञ्चालन गरिएको सुपथ मूल्य पसलले उपभोक्तालाई राहत मिलेको छ ।

कर्पोरेशनले जिल्लामा यही असोज ५ गते सोमबारदेखि चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालन मा आएको आएपछि उपभोक्ताको भीड नै लागेको छ । दैनिक ५०० जनासम्म उपभोक्ता सुपथ मूल्य पसलमा आउने गरेको पाइएको छ। साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङ शाखाले सहुलियत मूल्यमा चिनी, नून, दाल, चिउरा,मैदा, तोरीको तेल र आटाको सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो ।

उपभोक्ता सन्जय शर्माले चाडपर्वका मुखमा उपभोक्तालाई खाद्य पदार्थमा केही सहुलियत दिएपछि राहत मिलेको बताउनुभयो। नजिकिँदै गरेको दशैं, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियतका लागि बागलुङ नगरपालिका-४ उपल्लो चौरस्थित कार्यालयमा सुपथ मूल्य पसल सञ्चालन ल्याइएको साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङका कार्यालय प्रमुख मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो । कार्यलयले हरेक वर्ष सुपथ मूल्य पसल सञ्चालनमा ल्याउने गरेको छ । सुपथ मूल्यसँगै गुणस्तरीय समाग्रीका लागि उपभोक्ता लाइनमा बसेरै खाद्य सामग्री खरिद गर्न थालेका छन् ।

बजारमा मूल्य वृद्धि भइरहेको चिनी, नुन तथा तेललगायतका उपभोग्य वस्तु सरकारी निकायले छुट सुविधा सहित दिएपछि उपभोक्ता लामबद्ध भएर खरिद गर्न व्यस्त छन् ।

# हुम्लामा कांग्रेसको गाउँ अधिवेशन सम्पन्न

हुम्ला । नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत हुम्लाका सबै सात गाउँपालिकाको अधिवेशन सम्पन्न भएको छ । जिल्ला सभापति मोहनविक्रम सिंहका अनुसार जिल्लाका ४४ वडामध्ये ४२ वडाको अधिवेशन पनि सम्पन्न भइसकेको छ । गाउँपालिका अधिवेशनबाट नाम्खा गाउँपालिकाको सभापतिमा पेमा लामा, सिमकोटमा बलवीर शाही, खार्पुनाथमा बसन्त शाही, ताँजाकोटमा रणबहादुर रिठाल, अदानचुलीमा जीवन बुढा र सर्केगाडमा सुवास रावत सर्वसम्मत चयन हुनुभएको छ ।

गाउँ तथा वडा अधिवेशन पछि अब महाधिवेशन प्रतिनिधि छनोट प्रक्रिया प्रारम्भ हुने जानकारी सभापति सिंहले दिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com